नेपाल सरकार

**अर्थ मन्त्रालय**

# हवाईसेवा आपूर्तिकालागि बोलपत्र आह्वानको सूचना

(प्रथम पटक सूचना प्रकाशित भएको मितिः २०७६/०७/१८)

**ठेक्का नं. MOF-NCB-SERVICE-02/076-77**

१. नेपाल सरकार, अर्थ मन्त्रालय योग्य बोलपत्रदाताहरूबाट, राष्ट्रिय स्तरको खुल्ला बोलपत्र प्रक्रिया अन्तर्गत, आर्थिक वर्ष २०७६/७७ को लागि हवाई टिकट खरिद गर्न यो बोलपत्र आह्वान गर्दछ ।

२. योग्य बोलपत्रदाताहरूले यस सम्बन्धी थप जानकारीको लागि वाबोलपत्र सम्बन्धी कागजातहरु हेर्न (अध्ययन गर्न) चाहेमा, यस कार्यालयको निम्न ठेगानामा सम्पर्क राख्न सक्नेछन्:
अर्थ मन्त्रालय,
स्टोर शाखा, टेलिफोन नं. ०१-४२११३६१

३. योग्य बोलपत्रदाताले बोलपत्र सम्बन्धी कागजातहरु अर्थ मन्त्रालयको स्टोर शाखा, सिंहदरवारबाट सूचना प्रकाशित भएको मितिले ३० औं दिनको कार्यालय समय भित्र लिखित निवेदन पेश गरी प्राप्त गर्न सक्नेछन् । यस्तो निवेदनको साथमा कम्पनी/फर्म दर्ता प्रमाणपत्रको प्रतिलिपी, मू.अ.कर दर्ता प्रमाणपत्रको प्रतिलिपी र बोलपत्र सम्बन्धी कागजातको दस्तुर रु. ३००० /- (तीन हजार मात्र) ऐभरेष्ट बैंक खाता नं. ००१००१०६२०००००, कार्यालय कोड नं. ३०५००३५०१, राजश्व संकेत नं. १४२२९ मा जम्मा गरेको भौचर पेश गरी प्राप्त गर्न सकिने छ ।

४. शिलबन्दी गरिएकी बोलपत्र अर्थ मन्त्रालय, सिंहदरवारमा प्रथम पटक सूचना प्रकाशित भएको मितिले ३१औं दिनको १२.०० बजेभित्र बुझाउनु पर्नेछ । ढिलो गरी प्राप्त बोलपत्र स्विकार गरिने छैन ।

५. तोकिएको समयभित्र पेश भएका बोलपत्रहरु उपस्थित बोलपत्रदाता वा नीजको प्रतिनिधिको रोहबरमा अर्थ मन्त्रालय, सिंहदरवारमा प्रथम पटक सूचना प्रकाशित भएको मितिले ३१औं दिनको २.०० बजे खोलिनेछ । बोलपत्र खोलिएको दिन देखि गणना हुने गरी कम्तिमा ९० (नव्बे) दिनसम्मको लागि बोलपत्र मान्य हुनेछ । बोलपत्रको साथ रु.१,५०,०००/०० (एक लाख पचास हजार मात्र) बोलपत्र जमानत बापत को.ले.नि.का. भुक्तानी केन्द्र ४ सिंहदरवारको धरौटी खाता नम्बर ००१००१०५२०१२६८, कार्यालय कोड नम्बर ३०५००३५०१ मा जम्मा गरेको सक्कल भौचर (दोश्रो प्रति) वा मान्यता प्राप्त वाणिज्य वैंकहरुबाट अर्थ मन्त्रालयको नाममा जारी भएको बिड सेक्युरिटी पत्र पेश गर्नु पर्नेछ र त्यस्तो बोलपत्र जमानतको मान्य हुने अबधि बोलपत्रको मान्य हुने अबधि भन्दा कम्तिमा पनि ३० दिन बढी हुनु पर्नेछ ।

६. बोलपत्र खरिद गर्ने, पेश गर्ने तथा खोल्ने दिन सार्वजनिक विदा परेमा त्यसको भोलिपल्ट कार्यालय खुल्ने दिन क्रमशः मिति कायम हुनेछ । यस्तो अबस्थामा बोलपत्र र बोलपत्र जमानतको मान्य अवधि भने साबिककै मितिदेखि गणना गरिने छ ।

७. बोलपत्र फाराम पेश गर्दा फर्म दर्ता प्रमाणपत्रको प्रतिलिपी, आ.ब. २०७४/७५ को कर चुक्ता प्रमाणपत्र, सरकारी निकाय वा संस्थाहरुमा विगत ३ (तीन) बर्ष हवाई टिकट आपूर्ति गरेको कार्य अनुभव प्रमाण र बोलपत्र सम्बन्धी कागजातमा उल्लेखित शर्तहरु बमोजिमका आवश्यक प्रमाणपत्रहरु पेश गर्नुपर्नेछ ।

८. बोलपत्र प्रस्ताव स्वीकृत भएको फर्म वा संस्थाले बोलपत्रमा उल्लेख भए अनुसारको गुणस्तरीय सेवा यस मन्त्रालयको आवश्यकता बमोजिम आपूर्ति गर्नु पर्नेछ ।

९. बोलपत्रदाताले बोलपत्रको Section V: SOR (Schedule of Requirements) मा उल्लेखित सम्पूर्ण हवाई टिकटका लागि कबोल अंक उल्लेख गर्नु पर्नेछ, आंशिक रुपमा उल्लेखित कबोल रकमलाई स्वीकार गरिने छैन ।

१०. कुनै वा सबै बोलपत्र, पुरै वा आंशिक रूपमा स्वीकार गर्ने वा अस्वीकार गर्ने सम्पूर्ण अधिकार खरिदकर्तामा निहित रहने छ ।

११. यो सूचना र बोलपत्र सम्बन्धी कागजातमा स्पष्ट नभएका बिषयहरु प्रचलित कानून तथा सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ अनुसार हुनेछ ।